बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८२।८३
चलानी नं.:

मिति: २०८३।०२।०५

**सहकारीसँग लागत साझेदारीमा आयआर्जन र प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न सहकारी संस्था छनोट तथा सम्झौता सम्बन्धी सूचना**

प्रस्तुत विषयमा बाणगङ्गा नगरपालिका सहकारी शाखाको चालु आ. व. २०८२।८३ को वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गरी प्रस्तावना छनोट गर्नुपर्ने भएकाले तोकिएको समयभित्र पर्याप्त मात्रामा आवेदन पर्न नआएकाले पुन: दोस्रो पटक प्रस्ताव आव्हानको लागि ७ दिने सूचना प्रकाशन गरेको र प्राप्त प्रस्तावहरुलाई अध्ययन गर्दा कुनै पनि सहकारी संस्थाबाट आयआर्जन र प्रबर्द्धन गर्ने कार्यक्रमहरुको उद्देश्यसँग मेल खाने गरी प्रस्ताव पेश हुन नआएको र पुन: तेस्रो पटक ७ दिनको म्याद दिई मिति २०८३।०१।२१ गतेको सूचना बमोजिम प्राप्त प्रस्तावहरुको मिति २०८३।०२।०५ गते बसेको छनोट समितिले अध्ययन गरी तोकिएको सूचकहरुको आधारमा मूल्याङ्कन गर्दा तपशिलका सहकारी संस्थाहरुको प्रस्तावना छनोट समितिको निर्णयानुसार स्वीकृत भएकोले यो सूचना प्रकासित भएको मितिले ७ दिन (२०८३।०२।११ गते) भित्र तपसिल बमोजिमका कागजात लिई सम्झौताको लागि कार्यालय समयभित्र सहकारी शाखामा उपस्थित हुनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:-

सम्झौताको लागि आवश्यक कागजातहरु

(क) संस्थाको निवेदन, सहकारीको छाप लगायतका कागजात।

(ख) संस्थाको कार्यक्रम सम्झौताको लागि अख्तियारी सम्बन्धि निर्णय।

(ग) संस्थाको लागत सहभागिताको रकम जम्मा गरेको सक्कल बैक भौचर।

सत्तरी प्रतिशत अनुदानमा सहकारी संस्थासँग आयआर्जन र प्रबर्द्धन साझेदारी कार्यक्रम

| क्र. स. | कार्यक्रम | सहकारीको नाम | ठेगाना | योजना | उपलब्ध हुने अनुदान रकम |
|---|---|---|---|---|---|
| १. | आयआर्जन कार्यक्रम तर्फ | सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि | बाणगंगा न पा - ०१ | प्राङ्गारिक मल उत्पादन र बजारीकरण। | ७,००,०००/- |
| २. | प्रबर्द्धन कार्यक्रम तर्फ | बाणगंगा मौरीपालन तथा मह उत्पादन सहकारी संस्था लि | बाणगंगा न.पा -०१ | मौरीपालनमा दिगोपना। | ५,००,०००/- |

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner